संघीय संसद

राष्ट्रिय सभा

बाह्रौं अधिवेशन

बैठक -४६

सूचनापत्र -२

(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १:०० बजे*
*बैठक स्थगित : २:३२ बजे*

२०७९ साउन २५, बुधबार

---

संघीय संसद, राष्ट्रिय सभाको बाह्रौं अधिवेशनको **छयालिसौं बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा **अपराह्न १:००** बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले **"शून्य समय"** मा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहाय बमोजिमका माननीय सदस्यहरूलाई बोल्नका लागि समय उपलब्ध गराउनुभयो:

**माननीय विमला घिमिरे**ले २०७८ मंसिरमा आएको असामयिक वर्षातको कारण धान बालीमा भएको क्षतिको क्षतिपूर्ति कृषकलाई दिलाउन सरकार समक्ष माग गर्नुभयो ।

**माननीय शारदा देवी भट्ट**ले वर्षातको समयमा हुने क्षति तथा विपदको घटनाहरूको व्यवस्थापन सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले "शून्य समय" मा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै **"विशेष समय"** मा बोल्नको लागि दलीय आधारमा प्राप्त नामावली अनुसार क्रमाशः देहाय बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

**माननीय प्रकाश पन्थ**ले वर्तमान सरकारले गरेका कामका फेहरिस्त जानकारी गराउनुहुँदै हालको सरकार बनेपछि रानीतिक स्थीरता कायम भएको दावी गर्नुभयो ।

**माननीय खिमलाल भट्टराई**ले पेट्रोलियम पदार्थको मूल्य समायोजनको बारेमा सरकारले चासो नदिएको साथै मूल्य वृद्धिको नियन्त्रणमा सरकारले ध्यान नदिएको आरोप लगाउनुहँदै यस विषयको यथोचित प्रबन्ध गर्न माग गर्नुभयो । उहाँले प्रदेश सभा र प्रतिनिधि सभाका लागि हुने आगामी निर्वाचन निष्पक्ष रूपमा सम्पन्न गर्न अनुरोध गर्नुभयो ।

**माननीय गंगा कुमारी बेलबासे**ले प्रत्यक्ष निर्वाचित र समानुपातिक पद्धतिमा नर्वाचित हुने सांसदहरूबीच विभेद हुने अन्त्यको माग र महिलालाई प्रत्यक्ष तर्फबाट उमेदवारी दर्ता गर्न पाउने विशेष र अनिवार्य व्यवस्थाको माग गर्नुभयो ।

**माननीय सिंग बहादुर विश्वकर्मा**ले २०७१ साउन १७ मा गएको बाढीको कारण भएको क्षतिको सम्बन्धमा त्यस बखत सरकारले गरेको क्षतिपूर्तिको रकम हाल सम्म पनि पीडितले प्राप्त गर्न नसकेकाले उक्त रकम शीघ्र वितरणका लागि सराकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले राष्ट्रिय दलित आयोगको सम्बन्धमा संविधानमा रहेको व्यवस्था लागू गर्नका लागि सरकारले बजेट तथा नीति तथा कार्यक्रममा कुनै व्यवस्था नगरेको सम्बन्धमा सरकारकारको ध्यानाकर्षण गराउनुहुँदै सोको व्यवस्थापनका लागि सरकार समक्ष माग गर्नुभयो ।

**माननीय शेखर कुमार सिंह**ले सप्तकोशी नदीले धार परिवर्तन गर्दा सुनसरी, उदयपुर र सप्तरीको जनता क्षति बहोरिरहेको सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**माननीय सुरेश कुमार आलेमगर**ले प्रदेश नं. १ को नामाकरण खोलानाला, पहाड र झरनाको नाममा नभई पहिचानको आधारमा हुनु पर्ने माग गर्नुभयो ।

**माननीय उदय बहादुर बोहरा**ले प्रतिपक्षी दलले वर्तमान गठबन्धन सरकारको विरुद्धमा गरेको अभिव्यक्तिमा कुनै सत्यता नरेहेको विषय जानकारी गराउनुहुँदै आफ्नो प्रिन्टर हुँदा हुँदै पनि निर्वाचन आयोगले मतपत्र छाप्ने कामको जिम्मा जनक शिक्षा सामग्रीलाई दिनु निन्दनीय भएकाले निर्वाचन कार्यालयलाई कारबाहीको माग गर्नुभयो ।

**माननीय उर्मिला अर्याल**ले नेपालको निर्वाचन प्रणाली खर्चिलो भएको तथा महिलाहरूलाई प्राथमिकता नदिने परम्परा पितृसतात्मक सोँच हावी भएको लगायतका विद्यमान समस्या समाधान गर्न निर्वाचन प्रणाली सुधार गर्न माग गर्नुभयो ।

**माननीय भगवती न्यौपाने**ले सरकार वा मन्त्रीको जवाफ माग गर्दा सरकार पक्षको सांसदले जवाफ दिने परिपाटी लोकतन्त्रको विरुद्ध भएको विचार व्यक्त गर्नुहुँदै सदनमा उठेका सवालहरूको जवाफ दिन सरकार तथा सम्बन्धित मन्त्रीहरूको धयानाकर्षण गराउनुभयो । उहाँले वर्तमान सरकार नेपालको अर्थतन्त्र मजबुत बनाउन नभई गठबन्धन सरकार जोगाउन मात्रै सरकार उद्यत रहेको आरोप लगाउनुभयो ।

**माननीय जितेन्द्र नारायण देव**ले नागरिकतामा अपमानजनक नाम हटाउन गृह मन्त्रालयलाई धन्यवाद प्रदान गर्नुहुँदै प्रतिपक्षी जहिले पनि आलोचनात्मक मात्रै भएको तर रचनात्मक सुझाव कहिले पनि नदिने गरेकोले यस तर्फ ध्यान दिन प्रतिपक्षी दलको ध्यानाकर्षण गराउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले **"विशेष समय"** मा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले राष्ट्रपतिको कार्यालयबाट मन्त्रिपरिषद्को गठन सम्बन्धी प्राप्त पत्रको बहोरा देहाय बमोजिम जानकारी गराउनुभयोः

"सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यूको नेतृत्वमा मिति २०७८/०३/२९ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा श्री जनार्दन शर्मालाई मन्त्री पदमा नियुक्त गरी हाल सम्माननीय प्रधानमन्त्रीज्यूले सम्हाली आउनुभएको अर्थ मन्त्रालयको कार्यभार सम्हाल्ने गरी तोक्नु भएको ब्यहोरा अनुरोध गर्दछु।

(यादवप्रसाद कोइराला)

सचिव

२०७९/०४/२३"

त्यस लगत्तै सम्माननीय अध्यक्षले माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री गोविन्द प्रसाद शर्मा (कोइराला) लाई नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबाट जारी भएको बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ४२ बमोजिमको बाधा अड्काउ फुकाउ

आदेश पेश गर्न समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले उक्त आदेश पेश गर्नुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले सो बैठकको कार्यसूचीको क्रम संख्या ३ मा समावेश भएको विषय कार्यसूचीबाट हटाइएको व्यहोरा बेहोरा जानकारी गराउनुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **२०७९ साल भदौ ६ गते सोमबार अपराह्ण १२:५९ बजे** बस्ने गरी सो दिनको बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव